REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST:18:40hrs. Date: 15.12.2025

## CM Attends Discussion on Left Out Communities

मुख्यमन्त्री प्रेमसिंह तामाङले सम्मान भवनमा आज "सिक्किम हिमालयी क्षेत्रका आदिम जातीय समुदायमा पछौटेपन र जनसांख्यिकीय सुस्तताका सूचकहरू"विषयमा चर्चा गर्न आयोजित बैठकको अध्यक्षता गर्नुभयो। बैठकमा छुटेका बाह्रवटा आदिम सिक्किमे जनजातिका चुनौती र आकांक्षाबारे चर्चा भयो।

मुख्यमन्त्री श्री तामाङले यस अवसरमा उपस्थित सबै विज्ञ परामर्शदाता, समितिका सदस्य, सरकारी अधिकारीगण, सोधकर्ता र स्थलगत कर्मचारीहरूलाई उनीहरूको समर्पणका निम्ति कृतज्ञता व्यक्त गर्दै सरकारले भारत सरकारलाई प्रतिवेदन बुझाउने अनि यी बाह्रवटा समुदायलाई अनुसूचित जनजातिको सूचिमा समावेश गर्न औपचारिक रूपमा माग गर्ने बताउनुभयो। यो विषय प्रधानमन्त्री र गृह मन्त्रीसमक्ष लगातार रूपमा उठान भइरहेको छ। उहाँले यो माइलखुट्टी पहिचान मात्र नभएर सम्पूर्ण सिक्किमे समुदायको उज्वल भविष्य विकासबारे पनि हो भन्नुभयो।

--------------------------------------X--------------------------------------

## 12 Left Out Community

यसै सिलसिलामा, छुटेका बाह्र जात गोष्ठीलाई जनजातिको मान्यता सम्बन्धमा राज्य सरकारले गठन गरेको सिक्किम राज्य उच्चस्तरीय समितिको प्रतिवेदनलाई विधानसभाले अनुमोदन गरेकोमा जनजातिको माग गर्दै आएका सबै समुदायले राज्य सरकार र विशेष गरी मुख्यमन्त्री श्री तामाङप्रति आभार व्यक्त गरेका छन्। यस संगठनका अध्यक्ष डा. SK राई लगायत सबै जातको सङ्गठनका अध्यक्षहरूले आज राजधानीमा सामुहिक पत्रकार सम्मेलन डाकेर अब दीर्घकालदेखि थाँतीमा रहेको जनजातिको माग पूरा हुने आशा व्यक्त गरे। उनीहरूले गत बाह्र दिसम्बरको दिन विधानसभामा पारित सरकारी प्रस्तावलाई ऐतिहासिक पहल बताए।

अध्यक्ष डाक्टर राईकाअनुसार जनजाति मागको मुद्दालाई अघि बड़ाउने सम्बन्धमा आज मुख्यमन्त्रीको साथमा बसेको बैठकमा एउटा टोली गठन गरेर पूर्वोत्तर साथै देशभरिका सांसद अनि मुख्यमन्त्रीहरूलाई भेट गर्नु प्रमुख रहेको थियो। उहाँले भन्नुभयो, संसदमा यी समुदायलाई जनजातिको मान्यता सम्बन्धमा प्रस्ताव आउनअघि सबै सांसद अनि मुख्मन्त्रीहरूलाई विश्वासमा लिनु यसको उद्देश्य हो। डाक्टर राईले यस अभियानलाई

लोकसभा सांसद डाक्टर इन्द्रहाङ सुब्बा र राज्यसभा सांसद DT लेप्चाले अगुवाइ गर्ने पनि जानकारी दिनुभयो।

---------------------------------------X---------------------------------------

NIT Convocation

राज्यपाल ओमप्रकाश माथुर नाम्ची जिल्लाको राभाङलास्थित बुद्ध पार्कमा आयोजित राष्ट्रिय प्रौद्योगिकी संस्थान (NIT) सिक्किमको आठौं दीक्षान्त समारोहमा सहभागी बन्नुभयो। यस अवसरमा एक सय तेंतीसजना स्नातक, बाहीसजना स्नातकोत्तर र आठजना विद्यावारिधी गरी कुल एक सय सत्तरीजना विद्यार्थीलाई डिग्री प्रमाणपत्र प्रदान गरियो। यसमा अभियान्त्रिकी, विज्ञान, सूचना प्रौद्योगिकी, मानविकी एवं सामाजिक विज्ञान जस्ता विभिन्न विषयका विद्यार्थीहरू शामेल छन्। यीमध्ये सातजना मेधावी विद्यार्थीहरूलाई स्वर्ण पदक प्रदान गरियो।

आफ्नो सम्बोधनमा राज्यपाल श्री माथुरले भन्नुभयो, यो समारोह युवाहरूको मेहेनत र समर्पणको उत्सव हो। उहाँले उपाधि प्राप्त गर्ने विद्यार्थीहरूलाई बधाई दिँदै यसलाई विद्यार्थी, उनीहरूका अभिभावक, गुरूजन र संस्थानका लागि गर्वको क्षण बताउनुभयो। राज्यपालले विद्यार्थीहरूलाई प्रेरित गर्दै भन्नुभयो, शिक्षाको उद्देश्य ज्ञान आर्जन गर्नुमात्र नभएर यसलाई मानवीय मूल्य र राष्ट्र निर्माणमा उपयोग गर्नु हो।

---------------------------------------X---------------------------------------

CM Flags Off

मुख्यमन्त्री प्रेमसिंह तामाङले रणभूमि दर्शन पहलअन्तर्गत सिक्किममा भारत-चीन सीमा क्षेत्रस्थित छो-ला पास र डोक-ला पासलाई पर्यटनका लागि औपचारिक रूपमा खुल्ला भएको घोषणा गर्नुभयो। मुख्यमन्त्रीले आज बिहान राजधानीको रिज पार्कमा आयोजित एक समारोहबीच पच्चीसवटा मोटरसाइकल र सवारी साधनलाई झण्डा देखाएर यस पहलको औपचारिक शुभारम्भ गर्नुभयो।

मुख्यमन्त्री श्री तामाङले छो-ला पास र डोक-ला पासको उदघाटन भाइब्रेन्ट भिलेज कार्यक्रमअन्तर्गत गरिएको भन्दै यसले सीमावर्ती क्षेत्रको पर्यटन प्रवर्द्धन गर्न र विनियमित पर्यटन गतिविधिमार्फत स्थानीय समुदायका लागि जीविकोपार्जनका अवसर सिर्जना गर्ने उद्देश्य राखेको बताउनुभयो। उहाँले भन्नुभयो, केन्द्र र राज्य सरकार तथा सेनाबीचको समन्वयका कारण यो पहल सम्भव भएको हो।

---------------------------------------X---------------------------------------

Governor-CM Message

लिम्बू समुदायको पर्व चासोक तोङ्नाम आज सिक्किमभरि पालन गरियो। यस अवसरमा

राज्यपाल ओमप्रकाश माथुर तथा मुख्यमन्त्री प्रेमसिंह तामाङले राज्यवासी अनि विशेषगरी लिम्बू समुदायलाई यस पर्वको शुभकामना दिनुभयो। लिम्बू समुदायको यो पर्व कृषि जीवन र प्रकृतिप्रति कृतज्ञताको प्रतिक हो।

आफ्नो शुभकामना सन्देशमा राज्यपालले भन्नुभयो, यस्ता पर्वहरूले हामीलाई हाम्रो कुल-परम्परासित जोड्नका साथै संस्कृति र परम्परा हाम्रो सही पहिचान हो भन्ने कुराको सम्झना गराउँछ।

यसरी नै मुख्यमन्त्रीले यस पर्वले हाम्रा परम्पराहरूभित्र रहेको प्रकृति, विश्वास र समुदायबीचको गहिरो सम्बन्धलाई दर्शाउँदछ भनी बताउनुभयो।

--------------------------------------X--------------------------------------

Sikkim Utsav

नयाँ दिल्लीको दिल्ली हाट INA-मा यसै महिनाको बाह्र तारिकदेखि आयोजित तीन दिवसीय सिक्किम उत्सव २०२५-को हिजो समापन भयो। सिक्किम सरकारको वाणीज्य एवं उद्योग विभागको यो पहलको उद्देश्य राज्यका स्थानीय तथा अद्वितीय उत्पादहरू देशभरि प्रवर्धन गर्नु हो।

सिक्किम उत्सवको दिल्ली संस्करणले राज्यका उद्यमीका लागि प्रत्यक्ष बजार पहुँच सक्षम बनाउँदै यहाँको अद्वितीय उत्पादन, शिल्प कौशल र समृद्ध सांस्कृतिक सम्पदा प्रदर्शन गर्न एउटा महत्त्वपूर्ण राष्ट्रिय मञ्चका रूपमा काम गऱ्यो।

--------------------------------------X--------------------------------------